Intellectual Journal of Academic Research
Volume 02, Issue 01, 2024, pp. 111–125
OPEN ACCESS

DOI:
Research Article

# सिंहदरबारको अधिकार गाउँगाउँमा

छत्रप्रसाद रिमाल
सहायक क्याम्पस प्रमुख, म्याङलुङ क्याम्पस तेह्रथुम, नेपाल

Intellectual Journal of Academic Research (ISSN: 3021-906X) Copyright © 2024 The Author(s): Published by Myanglung Campus Terhrathum, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## Article Info.

***Corresponding Author***
Chatra Prasad Rimal
Assistant Campus Chief, Myanglung Campus, Tehrathum, Nepal

***E-mail***
reemalchhatra@gmail.com

***Date of Submission***
May 28, 2024

***Date of Acceptance***
July 18, 2024

## Abstract (सार)

नेपालको राजनैतिक इतिहास, राणाकाल , पंचायती शासन व्यवस्था, बहुदलीय ब्यवस्था र गणतन्त्र प्राप्त पछि नयाँ संबिधान २०७२ प्राप्त भएपछि तीन तहको राज्यको पुर्न संरचनाले गाउँलाई स्थानीय निकायबाट स्थानीयतहमा परिवर्तन गरीदिएको छ। ७ सय ५३ स्थानीय तहमा तत्काल विभिन्न तहका गरी ३६ हजार कर्मचारी आवश्यक भए पनि ती निकायमा मुस्किलले करिव २२ हजार कर्मचारी मात्रै कार्यरत छन् । निर्वाचन मार्फत स्थानीय तहमा जनप्रतिनीधि दोश्रो पटक समेत आइसके पनि स्थानीय तहले प्रभावकारी ढंगले काम गर्न नसक्दा सिंहदरबारको अधिकार गाउँगाउँमा पुगेको जनताले महसुस गर्न पाएका छैनन् । अझै केन्द्रीकृत शासन प्रणाली कायमै रहेको सरकारकै उच्च अधिकारीले स्विकारेका छन् । स्थानीय तहमा सिंहदरबारका सबै अधिकार पुगेको नेताहरूले अभिव्यक्ति दिन थालेको पनि ७ वर्ष बितिसकेको छ।

**शब्दकुञ्जी**: सिंहदरबारको अधिकार गाउँ गाउँमा, स्थानीय तहका जनप्रतिनिधीको प्रतिबद्धता र विकास निर्माण

**Cite:** Rimal, C. P. (2024). सिंहदरवारको अधिकार गाउँगाउँमा *Intellectual Journal of Academic Research,* (*IJAR*), *2*(1), 111–125. https://doi.org/10.3126/ijar.v2i1.72813

## विषय परिचय

स्थानीय तहका जनप्रतिनिधिहरुको काम, कर्तब्य र अधिकारका बारेमा नयाँ संविधान २०७२ ले प्रष्टरूपमा किटान गरिदिएको भए पनि स्थानीय ऐन र कार्यविधीको अभावमा जनप्रतिनिधिहरु अलमलमा परेको अबस्था रहेको थियो । कतिपय स्थानीय सरकारहरुले अधिकार प्राप्त सरकारकामा ऐन र कानुनलाई हातमा लिएर जथाभावी खर्च गर्नाले खास ठाउँमा रकम खर्च नभई अधिकार क्षेत्र भन्दा बाहिर निस्केर खर्च गरेको पाईन्छ । स्थानीय तहले सम्पादन गर्ने कार्यहरुमा एकरुपता ल्याउँन साधन र श्रोतको प्रभावकारी वितरणमा समस्या आएको छ । स्थानीय सरकारलाई सिंहदरबारको कार्यादेशबाट चलाउने र लामो समयसम्म तदर्थमा राख्नु स्थानीय सरकारको क्षमता निष्क्रिय हुन जान्छ । त्यसका निम्ति केन्द्रीय सरकारले स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने र आफ्ना कानुन आफैं बनाउने वातावरण बनाउनुपर्छ ।

पहिलो चरणको निर्वाचन सम्पन्न र दोस्रो चरणको निर्वाचन सँगै डेढ दशकदेखि जनप्रतिनिधि विहीन रहेको स्थानीय तहमा चहलपहल सुरु भएको अवस्था हो । सिंहदरबारमा केन्द्रित अधिकार जनताको घरदैलोमा आउने र वर्षौंदेखि थाँती विकास र समृद्धिका सपनाहरू पूरा हुने आशा थपिएको छ । हिजो पनि स्थानीय निकाय थिए यद्यपी ती केन्द्रबाट निर्देशित, सीमित अधिकार र केन्द्रसँगै निर्भर निकाय मात्र थिए । आज स्वायत्त, संघीय अधिकार र जिम्मेवारीसहित सिधा संविधान अन्तर्गत शासकीय एकाइको रूपमा आफ्ना निर्णय गर्न सक्छन् । सिंहदरबारबाट दिइने सेवा गाउँ–गाउँमा पुग्दै छ । हरेक कामका लागि केन्द्रमा धाउने परिपाटीको अन्त्य हुँदैछ । कार्यपालिका, व्यवस्थापकीय र न्यायपालिकाको केन्द्रीय भूमिकालाई स्थानीय तहमै व्यवस्था गरिएको छ । यो अवसरलाई जनप्रतिनिधिले कसरी सदुपयोग गर्लान् भन्ने सबैले नेपाली जनताको प्रतिक्षा र चासोको विषय बनेको छ । (अधिकारी, रविन्द्र २०७४ कान्तिपुर विचार स्तम्भ) ।

विगतका स्थानीय निकायलाई सजिलो थियो । केन्द्रले निर्देशित गरेको काम सम्पन्न गरे पुग्थ्यो, तर अब कानुन बनाउने अधिकारदेखि प्रत्येक योजना निर्माण र कार्यान्वयन स्थानीय सरकार आफैंले गर्नुपर्नेछ । काम सम्पन्न नगरी दोष देखाएर उम्कने दिनहरू गए । यो चुनौती पनि थपिएको छ । संविधानले अनुसूचीमै समावेश गरेर स्थानीय तहका २२ वटा अधिकार सूचीकृत गरेको छ । कर्मचारीको दरबन्दी, शिक्षामा कोटा पाठ्यक्रम, पठनपाठनको वातावरण, अस्पताल सञ्चालन , सहकारी संस्थाहरुको प्रर्वधन तथा व्यवस्थापन, कुन क्षेत्रमा कस्तो खेती, सिँचाइ, सडक, आवासको निर्माण, त्यसको मापदण्ड, फोहोर व्यवस्थापन,भू–उपयोग,ठाउँअनुसार कस्तो उद्योग खोल्ने, वातावरण कसरी स्वच्छ राख्ने, सञ्चार साधनको सञ्चालन, खेलकुद, मनोरञ्जनका साधनहरूको निर्माण र प्रयोग आदिको व्यवस्थापन स्थानीय तहको जिम्मेवारीमा आएको छ (नेपाको नयाँ संविधान २०७२) ।

नेपालको नयाँ संविधान २०७२ जारी भए पछि स्थानीय तहको निर्बाचन २०७४ र २०७९ ले जनप्रतिनिधीलाई निर्बाचित गरि सकेपछि भएका विकास निर्माणले सामान्यता गति पाएको भए पनि दलहरुबाट निर्वाचित जनप्रतिनिधी हरुको इज्जत बचाउँन गाह्रो भएको छ । काम गर्न नजानेर वा लोभमा परेर जनप्रतिनिधीहरु बद्नाम भएको यदाकदा गुनासो आएको छ । कसरी यसबाट उम्कने हो? जनप्रतिनिधीहरु स्थानीय तहमा शासक नभई जनताको सेवक भएर काम गरुन भन्ने लागेको हो । तर जनप्रतिनिधी कतिपय स्थानीय तहमा जनताका प्रतिनिधी नभई छोटे राजा भएको जनगुनासो रहेको छ । कतिपय विकसित देशहरुमा नेताले जे गर्यो त्यो नीति बन्छ , भने कतिपय देशमा नेता ठुलो नभइ नीति ठुलो भएको र नीतिको परिधीमा नेता रहँनु पर्ने अबस्था रहेको छ । नेता वा मुल ब्याक्ति ठिक नभइ कुनै पनि संस्था ठिक हुन सक्दैन । त्यसैले देश निर्माणका लागि स्थानीय जनप्रतिनिधीहरुलाई ठिक ठाउँमा राख्नु राजनैतिक दलहरुको दाईत्व बनेको छ ( कँडेल , पुष्पराज २०७९) ।

धेरै गाउँ–नगरपालिका गाभिएर निर्माण भएकाले गर्दा गाउँ–नगरको सामाजिक–आर्थिक तथ्यांक एकीकृत रूपमा छैनन्, जसले गर्दा वैज्ञानिक कार्ययोजना बनाउन कठिनाइ देखिन्छ । तथ्यांक संकलन र जनताका प्राथमिकताका आधारका गुरुयोजनासहित अगाडि बढ्नुपर्नेमा यो काम त्यति ब्यवस्थित भएको पाईदैन । यसबिना व्यवस्थित सहरी विकास असम्भवप्रायः छ । गाउँ र सहरको आवश्यकता र विकास मोडल फरक हुन सक्छन् । दीर्घकालीन र अल्पकालीन योजनासहित अगाडि बढे लक्ष्य हाँसिल गर्न सजिलो हुनेछ । हाम्रा घोषणा–पत्रमा स्मार्ट सिटी, ग्रिन

सिटी, प्रविधिसहितको गाउँ आदि निर्माण गर्ने प्रतिबद्धता छन् । ती प्रतिबद्धता पूरा गर्न पूर्वतयारीसाथ लाग्नुपर्नेछ । स्रोतसाधनलाई लगानीमुखी क्षेत्रमा खर्च गरिनुपर्छ। स्थानीय क्षेत्रमा उपलब्ध साधनस्रोतको प्रयोग व्यावहारिक बनाउनु पर्नेछ। जस्तै कहीं दुना–टपरी बनाउने माग होला, कतै बाँस या काठका सामग्री बनाउने होला, महिला तथा फरक क्षमता भएका व्यक्तिले गर्न सक्ने कामहरू होलान्, सिलाइ–कटाइ, हस्तकलादेखि लघुउद्यमलाई विशेष प्राथमिकता दिन पनि अति आवश्यक छ। अर्गानिक उत्पादन, कृषि तथा फलफूल खेती, कफी, चिया, अलैंची, मौरीपालन, माछापालन जस्ता स्थानीय उद्यमलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ, जसले स्थानीय स्तरमै स्वरोजगारको आधार खोलोस् । यी कुरा सुन्दा साना र सामान्य लागे पनि हाम्रा लागि आत्मनिर्भर हुनेदेखि आर्थिक विकासको आधार यिनै साना लघुउद्यम नै बन्ने हुन्। खुला सिमाना, उदारीकरण र विश्वव्यापीकरणको यो समयमा हाम्रा स्रोतसाधन र पुँजीले विश्वव्यापी प्रतिस्पर्धाभन्दा स्थानीय उत्पादन र उपभोगलाई विकासको खुड्किलोको रूपमा प्रयोग गर्नुपर्ने हुन्छ। रित्तो हात सहर झर्ने, बिस्कुट र चाउचाउ र आलु लिएर गाउँ उक्लने दिनको अन्त्य हुनुपर्छ। गाउँमा उत्पादन र त्यो उत्पादन बजारसम्म ल्याउने सेतुको काम स्थानीय तहले गर्नुपर्ने अवस्था रहेको छ ।

शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, विद्युत लगायतका निर्णय अब जनताको सहभागितामा जनप्रतिनिधिले गर्नुपर्नेछ । सहभागीमूलक पद्धतिद्वारा काम गरिने हुँदा टोल–टोलबाटै असल शासनको अनुभूति हुनेछ। स्थानीय सरकारको सबैभन्दा ठुलो चुनौती सार्वजनिक शिक्षालाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु हो। यसैमा सफलता र असफलता निर्भर छ। विभिन्न प्राविधिक तथा न्यायिक सेवा स्थानीय तहमै रहने हुँदा सेवा लिन टाढा जानु पर्दैन । वनजंगलको संरक्षण गर्दै उपयोग गर्ने कुरा, प्राकृतिक खनिज तथा अन्य स्रोतसाधनको वातावरणमैत्री उपयोग र त्यसबाट स्थानीय सरकारको आम्दानी बनाउन सक्नुपर्छ । सामुदायिक साझेदारीमा प्राकृतिक स्रोतको उपयोग र निर्माणमा स्थानीय तह जुट्नुपर्छ। आफैं स्रोत परिचालन र खर्च गर्न सक्ने भएकाले यसलाई उद्यमशील स्थानीय सरकारमा रूपान्तरण गर्नुपर्छ।

स्थानीय तहले आफ्नो प्रशासनिक खर्चको जोहो आफैं गर्ने हो। संविधानले स्थानीय तहलाई विकास आयोजना निर्माण, आधारभूत र माध्यमिक शिक्षा, स्वास्थ्य र सरसफाइ सञ्चालन गर्ने जिम्मेवारी दिएको छ भने सम्पत्ति कर, घरबहाल कर, घरजग्गा शुल्क, सवारीसाधन कर, सेवा शुल्क दस्तुर, पर्यटन, विज्ञापन, व्यवसाय, भूमि, दण्ड जरिवाना, मनोरञ्जन आदि कर तथा मालपोत संकलनको अधिकार दिएको छ। तर कर उठाउने मात्र होइन स्थानीय स्रोतको पहिचान तथा परिचालन, उत्पादन र कर प्रणालीमार्फत आफू पनि बलियो बन्नुपर्छ। विगतमा स्थानीय निकायलाई विनियोजन रकम कुल बजेटको करिब ७–८ प्रतिशत हाराहारीमा थियो तर संघीय बजेटअनुसार यो रकम बढेर कुल बजेटको करिब १८ प्रतिशत विनियोजित भएको छ। विधि र प्रणालीको विकाससँगै यो रकम अझ बढ्ने देखिन्छ । अहिलेको स्थानीय सरकार आर्थिक रूपमा केन्द्रमा मात्र निर्भर हुनु हुँदैन। स्थानीय सरकारले आर्थिक स्रोतको अध्ययन गर्दै स्रोतको सुनिश्चितता गर्नुपर्ने हुन्छ।

## समस्याको कथन

कुनैपनि अनुसन्धानमूलक कार्यमा समस्या छनोटलाई निकै महत्त्वपूर्ण रूपमा लिइएको हुन्छ । समस्याको छनोटविनाको समाधानको खोजी पनि हुन सक्दैन । त्यसकारण यो शोध प्रस्ताव "सिंहदरबारको अधिकार गाउँ गाउँमा स्थानीय तहका जनप्रतिनिधीको प्रतिबद्धता र जनताको अबस्थामा आएको परिर्वतनको विश्लेषण" सम्बन्धित शीर्षकसँग आधारित हुनेछ। यसमा नयाँ संविधान २०७२ ले दिएको स्थानीय तहका एउटा नगरपालिका ,२ वटा गाउँ पालिका र १० वटा वडालाई लिएर अध्ययनको क्षेत्रको रुपमा लिएको छ। जहाँ नेपालमा केन्द्रिकृत शासन व्यवस्थाबाट स्थानीय तहमा शासन व्यवस्था आएपछि जनताको तहमा के कुरा परिर्बतन भएको महशुस गरे ? जनप्रतिनिधिहरुले निर्वाचित भएर आएपछि कति स्थानीय तहलाई काम लाग्ने कानून निर्माण गरेर जनतालाई सेवा दिएका छन् ? गाउँको विकासमा के परिर्वतन आएको छ? जनताका पँहुच नेतृत्व पंत्तिसम्म पुग्न सको वा सकेन ? साँच्चै स्थानीय तहका २२ अधिकार प्रयोगमा आएका हुन वा होईनन् भन्ने जस्ता महत्त्वपुर्ण सवालहरु रहेका छन् । यी सवालहरुलाई आवश्यक अनुगमन तथा विश्लेषण गरी आगामी दिनमा बाहिर सम्म लैजानको लागी यो अनुसन्धान गरिएको छ।

## अध्ययनको उद्देश्य

कुनै पनि कार्य सफल र प्रभावकारी बनाउनको लागि निश्चित लक्ष्य र उद्देश्यहरु हुनु आवश्यक हुन्छ। उद्देश्यबिना गरिएका कार्य पूर्ण र प्रभावकारी बन्न सक्दैन तसर्थ यस शोधको समस्या कथनको परिधिमा रही समाधान खोज्न निम्नलिखित उद्देश्यहरु रहने छन् :–

क) जनताले स्थानीय तह ( गाउँ तथा नगर सरकार) भएको के अनुभुति गर्न पाएका छन् ?

ख) स्थानीय जनप्रतिनिधी आएर स्थानीय सरकार संचालन गर्ने के कति ऐन कानुनहरु निर्माण गर्न सकेको अवस्था रहेको छ ?

ग) सिंहदरवारको अधिकार गाउँमा कसरी आएको जनताले अनुभुति गरेको अवस्था छ ?

घ ) स्थानीय तहमा आवश्यक पर्ने कर्मचारी संघीय सरकारको पक्षबाट आवश्यक व्यवस्थापन गरिदिएको छ कि छैन ?

ङ) स्थानीय तहका २२ वटा अधिकार जनप्रतिनिधिले उपयोग गर्न सकेका छ वा छैनन्?

## साहित्य समीक्षा

अनुसन्धानात्मक कार्यको सुरुवात गर्नुभन्दा पूर्व त्यस विषयमा भएका अध्ययनीय कार्यहरु पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध आदिको व्यवस्थित अध्ययन गरी समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । अर्थात अनुसन्धान गर्न लागिएका समस्यामा आधारित भई पहिले नै तयार गरिएका विभिन्न अनुसन्धान प्रतिवेदन, शोधकार्य र अनुसन्धानमूलक लेखहरुको पुनरावलोकन हो । यस अध्ययनका लागि पूर्वकार्यको समीक्षालाई दुई खण्डमा राखी हेरिएको छ । पहिलो खण्डमा सैद्धान्तिक साहित्यको अध्ययन र दोस्रो खण्डमा सम्बन्धित साहित्यको अध्ययनको पूर्वकार्य गरिएको छ।

## अनुसन्धान विधि

प्रस्तावित शोध गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर सम्पन्न गरिएको थियो। जसमा प्रश्नोत्तर विधीलाई मुख्य अनुसन्धान विधि मानिएको छ।

**क) अध्ययनमा संलग्न जनसंख्या**

प्रस्तुत अनुसन्धानमा तेह्रथुम जिल्लाको म्याङलुङ नगरपालिका, फेदाप गाउँपालिका र छथर गाउँपाललिका का १० वटा वडाका ३० जना संग गरिएको प्रश्नावलीका आधारमा यो अध्ययन अनुसन्धानको आधारमा तयार गरिएको हो।

**ख) नमुना छनोट प्रक्रिया**

तेह्रथुम जिल्लाका ६ वटा स्थानीय तह र ४३ वटा वडा कार्यालय मध्धे उद्देश्यपूर्ण नमुना छनोट विधिबाट म्याङलुङ नगरपालिका , फेदाप गाउँपालिका , छथर गाउँपालिका र तीनवटा पालिका भित्र पर्ने १० वटा वडाअध्यक्ष र ५ जना स्थानीय तहका कर्मचारी , ३० जना स्थानीय सेवा ग्राही जनताहरु गरी कुल ४८ जनालाई यो अनुसन्धान प्रकृयाका सहभागीको रुपमा लिएको छ । यसमा जनप्रतिनिधीको तहलाई दशवटा प्रश्नपत्र तयार गरि सोधिएको छ भने कर्मचारीलाई पनि दश वटा नै प्रश्नपत्रबाट वहाँहरुको धारण लिएको छ भने स्थानी जनता जो सेवाग्राहीको रुपमा छन् तिनीहरुलाई दश वटा नमुना पत्रको रुपमा स्थानीय तहको सेवा सुविधाको विषयमा धारण संकलन गरी आएको उत्तर विश्लेषण गरी यो सोध अध्ययनबाट आगामी दिनमा एउटा पठनीय समा सामाग्रीको रुपमा लिन सकिने छ। र अनुसन्धमनमा प्राथमिक र द्वितीय दुवै स्रोतहरुलाई प्रयोग गरिएको छ।

**अ) प्राथमिक स्रोत**

जनप्रतिनिधि , कर्मचारी र स्थानीय सेवाग्राही जनताको लिखित उत्तरपुस्तिका र सम्बन्धित व्याक्तिहरु प्रत्यक्ष अन्तर्वाताबाट प्राप्त सूचनाहरू स्रोतको रूपमा गरिएको थियो।

**आ) द्वितीय स्रोत**

अनुसन्धानसँग सम्बन्धित विभिन्न लेख तथा रचनाहरुको सैद्धान्तिक र व्यावहारिक प्रकाशन, शोधग्रन्थहरू, अनुसन्धानमूलक लेखरचनाहरू, नेपालको संविधान २०७२ तथा इन्टरनेटका सामग्रीहरू द्वितीयक स्रोतका रुपमा प्रयोग गरीएको थियो।

**घ) तथ्याङ्क संकलनका साधनहरू**

प्रस्तावित शोधमा अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू संलनका लागि मूलतः प्रश्नावलीको उपयोग गरिनेछ। यसका लागि स्वतन्त्र लेखन र निर्देशित लेखन सम्बन्धी दश दश वटा प्रश्नावली बनाई सरोकारवाला व्यक्तिहरुको ब्याक्तिगत परीक्षा लिएको थियो । साथै आवश्यक तथ्य र सूचनाहरू संकलनका लागि सम्बन्धित सरोकारवाला ब्याक्तिहरुसँग पनि अन्तर्वार्ता लिइनेछ । सम्बन्धित ३० जना स्थानीय सेवाग्राहिको घरसम्म र कतिपयलाई पालिका कार्यलयमा भेटघाट गरी भनाई अन्तरवार्ताको रुपमा लिईयो।

**ङ) तथ्य संकलनप्रक्रिया**

एक नगरपालिका र दुई गाउँपालिका कार्यालय तथा म्याङलुङ नगरपालिकाका बडा नं १,२,३ र ४ फेदाप गाउँपालिकाका वडा ं १,२ र ३ तथा छथर गाउँपालिकाका वडा नं १,२ र ३ लाई पूर्वजानकारी गराई सहमति लिईयो । त्यसपछि नमुना छनोटमा परेका जनप्रतिनिधि र

कर्मचारीहरूको परीक्षा र स्थानीय सेवाग्राही ब्याक्तिहरुको अन्तवार्ता लिईयो । परीक्षा र अन्तर्वार्ताबाट तथ्यहरूको संकलन, पहिचान, सत्यापन, संकेतीकरण, वर्गीकरण र अभिलेखीरण गरिएको थियो। पूर्वनिर्धारित कोटिपद्धतिको अवलम्बन गरी अनुसन्धानात्मक स्थानीय तहको उपलब्ध सेवा सुविधासँग सम्बन्धित विभिन्न महलहरूमा सेवाप्राप्त भएका सुचाङ्क अवस्थाहरू भरियो । ती तथ्याङ्कको आवृत्ति र प्रतिशताङ्क गणना तथा तालिकीकरण पनि गरिएको थियो ।

**च) व्याख्या विश्लेषण वा अर्थापन पद्धति**

अनुसन्धानमा तथ्यहरूको व्याख्या विश्लेषणका लागि मूलतःवर्णनात्मक र विश्लेणणात्मक विधिको उपयोग गरियो। व्याख्या विश्लेषणको मूल आधार पाठ विश्लेषण पद्धतिलाई बनाइयो ।

## सैद्धान्तिक साहित्यको अध्ययन

डेनमार्क र स्बीजरल्यान्डका राजदुताबासको संयुक्त सहयोगमा डेमोक्रेसि रिसोर्स सेन्टर नेपाल ( डिआरसिएन) लै गरेको अध्ययान अनुसन्धानमा स्थानीय तहका अधिकार क्षेत्र संविधान २०७२ ले ब्यवस्थापन गरेका प्रावधानहरुको विषयमा स्थानीय तहका काम कतर्व्य र अधिकारलाई प्राथमिकतामा राखेकोछ। स्थानीय तहका अन्तर्गत गठित न्यायिक समितिका अधिकार र कर्तव्यबारे स्थानीय तहहरुमा अस्पष्टता देखियो। स्थानीय तहका उपप्रमुखको नेतृत्वमा न्यायिक समिति बनाइएका थिए। कुल ३ प्रतिशतभन्दा बढी महिलाहरू उपप्रमुखमा निर्वाचित भएका कारण अधिकांश न्यायिक समिति महिला प्रतिनिधिको नेतृत्वमा छन्। महिला नेतृत्वका यी समितिहरूले कानुनी र प्राविधिक क्षमताको कमीका कारण आफैमा प्रभावकारी नभएको गुनासो रहेको अवस्था विद्यमान नै छ। समितिलाई प्रभावकारी बनाउन नियमित तालिम र अभिमुखीकरण कार्यक्रम थप्नु को साथै कानुनी उपचारका लागि थप प्रावधानको व्यवस्था गर्न अत्यावश्यक रहेको पाईएको छ साथै, उपप्रमुखहरूले न्यायिक समितिमा नै धेरै समय अल्झिनु परेका कारण निर्वाह गर्नु पर्ने अरू जिम्मेवारीमा ध्यान पुर्‍याउन नसकेको दैखिन्छ। संविधानमै समावेशिताका प्रावधान राखिएकाले स्थानीय सरकारमा दलित र महिलाको संख्यामा उल्लेख्य वृद्धि भएको अबस्था छ। तर अधिकांश दलित र महिला प्रतिनिधिले निर्णय गर्ने तहमा आफ्नो उचित सुनुवाई हुन सकेको छैन। कतिपय स्थानीय तहमा महत्वपुर्ण कामबाट वञ्चित गर्दै महिला र दलित महिलालाई बैठकमा सहभागी हुने भुमिकामा सीमित गरेका छन्। आवश्यक कानुनको कमी तथा अख्तियारीको अस्पष्टताका कारण पहिलो ५ वर्षको बजेटको ठुलो अंश साधारण तय विकाश निमार्णका लागि विनियोजन गरियो। त्यस मध्ये पनि ठुलो अंश सडक निर्माणमा लगाइएको पाईएको छ। महत्त्वपूर्ण सामाजिक क्षेत्रमा पुग्नुपर्ने बजेट समेत पुर्वाधारमा खन्याइएकाले थुप्रै सरोकारवाला चिन्तित रहेको अध्ययनबाट खुलेको छ।

सर्वसाधारण नागरिकले स्थानीय सरकारले आफ्नो दैनिक जीवनमा खासै ठुलो फरक नपारेको बताउँछन । परिवर्तन करमा गरिएको वृद्धि मात्र भएको धेरै जसोले बताए। अधिकांश जनप्रतिनिधिले आफुले निर्वाचनताका बाँडेका आश्वासन अनुसार काम गर्न नसकेको अवस्था छ । तर अधिल्लो ५ बर्षमा भन्दा यस पटकको निर्बाचनबाट निर्वाचित जनप्रतिनिधीहरू कानुनी स्पष्टता बढ्ने र राम्रो काम गर्न सकिने अनि जनतालाई सिंहदरवारको अधिकार गाउँमा नै दिन सकिने कुरामा आसावादी छन्। जनतालाई स्थानीय सरकारको मर्म अनुसार नियमित सेवा सुविधा दिन सकेको खण्डमा र विकासका नयाँ आयामहरु थप गरि संमृद्ध नेपाल र सुखि नेपालीको परिकल्पना साकार पार्ने कुरामा ढुक्क हुन सकिने स्थानीय तहका सरकार प्रमुखहरुको भनाई छ।

### सम्बन्धित साहित्यको अध्ययन

यस अध्ययन अर्न्तगत स्थानीय सरकारको कार्यसम्पादनसँग सम्बन्धित भएर स्थानीय सरकारले जनतालाई दिने सेवा सुविधा, जनताले पाएको अवसर नेतृत्व पंक्ति र जनताको सम्बन्ध , राज्यले प्रदान गरेको स्थानीय सरकारको २२ वटा अधिकारको उपयोगको अवस्था र स्थानीय सरकारमा सर्शत र निर्सत बजेट परिचालनमा गरिएका व्यवस्थाहरु जस्ता विषयलाई अध्ययनको क्षेत्र मानिएको छ। तेह्रथुम जिल्लाको म्याङलुङ नगरपालिका फेदाप गाउँपालिका र छथर गाउँपालिका अर्न्तगतका १० जना वडाअध्यक्षहरु र त्यस क्षेत्रका ३० जना जनतालाई अध्ययानको केन्द्र भाग बनाएर गरिने अध्ययनको क्षेत्र हुने छ। यस अध्ययनको कारण आगामी दिनमा स्थानीय तहको कार्यसम्पादन मा केही न केही सहयोग होस भन्ने उद्देश्य लिएको छ।

शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, विद्युत् (लघुविद्युत) लगायतका निर्णय अब जनताको सहभागितामा जनप्रतिनिधीले गर्नुपर्नेछ। सहभागीमूलक पद्धतिद्वारा काम

गरिने हुँदा टोल–टोलबाटै असल शासनको अनुभूति हुनेछ । स्थानीय सरकारको सबैभन्दा ठूलो चुनौती सार्वजनिक शिक्षालाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु हो । यसैमा सफलता र असफलता निर्भर छ। हाल कतिपय स्थानीय सरकारहरुमा फरक शिक्षा नितिले गर्दा एउटै जिल्ला भित्र पनि फरक फरक किसिमको शिक्षा निति लागु गरेको कारण शिक्षा क्षेत्र तहसनहस भएको भन्ने टिप्पणी रहेको छ । कतिपय स्थानीय सरकारले आफ्नो अनुकलको ऐन बनाएर पनि शिक्षक सरुवा बढुवा र न्युक्ति समेत गर्नाले कतिपय पुराना कार्यरत शिक्षकहरुलाई त्यसको प्रत्यक्ष मार खेप्नु परेको अवस्था छ। शिक्षाको क्षेत्रमा स्थानीय सरकारलाई सम्पुर्ण अधिकार दिएको भए पनि संघीय र प्रादेशिक सरकारले स्थानीय सरकारलाई एकै प्रकारको कानुन निर्माण गरेर जानकालागि सहजिकरण गर्नु पर्ने देखिएको छ। माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहलाई दिइएको छ। तर, विद्यालय खोल्ने/नखोल्ने विषयमा पालिकाहरूले आफ्नो निर्णय गर्न पाएका छैनन्। जिल्ला शिक्षा समन्वय इकाइको नाममा अहिले पनि केन्द्रको संरचना यथावत राखिएको छ।


नयाँ व्यवस्था भएकाले धेरै कानुन बनाउनुपर्ने चुनौती स्थानीय सरकारलाई थियो। ७ सय ५३ पालिकाले एकल अधिकारका कतिपय कानुन बनाए पनि साझा अधिकारका कानुन बनाउन पाएका छैनन्। संघ र प्रदेशसँग बाझिएको खण्डमा कानुन अमान्य हुने भएकाले तिनलाई कानुन निर्माणमा जटिलता थपिएको हो। स्थानीय तहको अधिकारमा हस्तक्षेप गरेर संघीयताको कार्यान्वयन सफल नहुने अबस्था रहेको छ। २२ वटा अधिकार एकल अधिकारमा भए पनि संगठनात्क हिसाबले कार्यान्वयन भएको छैन। ( पालिका खबरदाता अनलाईन न्युज ( २०७८ असोज ०४)।




संविधानले दिएका एकल अधिकारकै कार्यान्वयनमा हस्तक्षेप भएको छ। पुराना संरचना नहटाएसम्म यस्ता समस्या रहिरहन्छन्। संघीय निजामती ऐन नल्याइदिएकाले स्थानीय तहले कर्मचारी अभावमा काम गर्न नसकेको अनुभव भएको छ । संघले निजामती ऐन नल्याउँदा प्रदेशको लोकसेवा मार्फत कर्मचारी पदपूर्ति गर्न नसकेकोले स्थानीय सरकार हरुले पँहुचको भरमा कर्मचारी न्युक्ति गरेर काम चलाएका छन् । संविधानले दिएको अधिकार प्रयोग गर्न केन्द्रसँग पटक–पटक लड्नुपरेको स्थानीय तहका जनप्रतिनिधिहरु बताउँछन् । स्थानीय तहका प्रमुखहरुका अनुसार हाम्रा अधिकार प्रयोग गर्न संघ र प्रदेशले रोक्न खोजेका छन्, तर हाम्रो पालिकामा लडेर आफ्नो अधिकार प्रयोग गरेका छौ । संघ र प्रदेशले स्थानीय तहको अधिकारमा हस्तक्षेप गरे, संघीयताको सफल अभ्यास हुन नसक्ने जनप्रतिनिधि प्रमुखहरुको भनाई छ ।

विभिन्न प्राविधिक तथा न्यायिक सेवा स्थानीय तहमै रहने हुँदा सेवा लिन टाढा जानु पर्दैन। वनजंगलको संरक्षण गर्दै उपयोग गर्ने कुरा, प्राकृतिक खनिज तथा अन्य स्रोतसाधनको वातावरण मैत्री उपयोग र त्यसबाट स्थानीय सरकारको आम्दानी बनाउन सक्नुपर्छ । सामुदायिक

साझेदारीमा प्राकृतिक स्रोतको उपयोग र निर्माणमा स्थानीय तह जुट्नुपर्छ । आफैं स्रोत परिचालन र खर्च गर्न सक्ने भएकाले यसलाई उद्यमशील स्थानीय सरकारमा रूपान्तरण गर्नुपर्छ। (अधिकारी रविन्द्र विचार स्तम्भ कान्तिपुर २०७४ अषाढ १५)।




**अनुसन्धानको औचित्य र महत्व**

विश्वयापीकरण रुपमा संघीयता अधिकांश मुलुकहरुमा संचालनमा रहेको छ। विश्वका धेरै देशहरु संघीयताको अभ्यास गरेर हाल अगाडि बढेको अबस्था छ । संघियता भनेको त्यस्तो चिज हो जुन एउटा राजनैतिका विचारधारा हो । जसमा सदस्यहरुको एउटा समुहलाई शासशकीय स्वरुपमा राष्ट्र केन्द्रिय सरकार, प्रादेशीक सरकार र स्थानीय सरकारहरु गठन गरेर विभिन्न विचारधारामा आधारित व्यबस्थालाई जनाउन प्रयोग गरेको छ। त्यसैले राज्यसत्ता र सार्वभौमसत्ताको समेत विभाजन गरी शासकीय क्रियाकलाबमा बढी भन्दा बढी जनतालाई सहभागी गराउने राजनैतिक प्रकृयालाई सङ्घीयता भनिन्छ । संघीयता भनेको स्वयं शासन र विभाजित शासनको संयोजन भनेर पनि भन्ने गरिन्छ। संघीयतालाई बहुजातिय , बहुभाषिक तनाब सावधान गर्ने राजनैतिक र संवैधानिक औजारको रुपामा समेत व्याख्या गरिने भएकोले यहाँ गरीव , पछाडि पारिएका र सीमान्तकृत समुहको शसत्तिकरण गर्ने मुख्य उद्धेश्य रहेको छ। यद्यपी नयाँ संविधान र राज्यको पुर्न संरचना पछि जतातत‍ै भनिएको सिंहदरबारको अधिकार गाउँमा नै हुनेछ भनिएको थियो। अब नेपाली दुर दराजका जनताले सिंह दरबार धाउँनु पर्दैन । जनताको गाँस बासँ, कपास, शिक्षा, स्वास्थ्य र मनोरन्जन प्राप्त गर्न नेपाली जनताले अधिकार सिंहदरबारबाट गाउँतर्फ नै संविधान मार्फत पाएको हुनाले अब नेपाली जनता त्यो संविधान प्राप्त अधिकार उपभोग गरेका छन् वा छैनन् भन्ने विषय महत्वपुर्ण हो । नेपाली जनताले लामो समयबाट अधिकारका लागि लडेर प्राप्त लोकतान्त्रिक गणतन्त्रले दिएको यो उपलब्धी हो। जुन उपलब्धी पछि जनताहरु सामाजिक तथा आर्थिक विकासमा सहभागी हुँदा सिंहदरबारको अधिकार गाउँमा भएको प्रत्याभूति कसरी गरिरहेका छन् विषयलाई अध्ययन तथा अनुसन्धानको मुल विषय बनाएर यो अध्ययन गरिएको छ। जसले आगामी दिनमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र अधिकार उपभोग गर्ने जनता समेतलाई यस अध्ययनले थप सहयोग गर्न सकोस भन्ने उद्धेश्य राखिएको छ।

**अध्ययनको सीमाङ्कन**

शोधको प्रयोजन, समय सीमितता, आर्थिक कठिनाइ, भौगोलिक विकटता, स्रोत साधनको अपर्याप्तता लगायताका विविध कारणका साथै शोधकार्यलाई व्यवस्थित, औचित्यपूर्ण र उपलब्धिपूर्ण बनाउन शोधको सीमा तथा परिसीमाहरू निर्धारण गर्न आवश्यक हुने भएकाले यस अध्ययनको सीमालाई निम्नानुसार निर्धारण गरिएको छ।

क) प्रस्तुत अनुसन्धानमा तेह्रथुम जिल्लाको ६ वटा स्थानीय तह मध्धेका म्याङलुङ नगरपालिका, फेदाप गाउँपालिका र छथर गाउँउपालिका अध्ययनमा सीमित रहनेछ।

ख) प्रस्तुत अनुसन्धानमा म्याङ्लुङ नगरपालिकाका बडा नं १,२,३र४ फेदाप गाउँपालिकाका वडा १,२ र ३ तथा छथर गाउँपालिकाका वडा नं १ , २ र ३ लाई अनुसन्धानमा केन्द्रित गरीएको छ ।

ग) यस अध्ययनमा संविधानले स्थानीय तहलाई विकास आयोजना निर्माण, आधारभूत र माध्यमिक शिक्षा, स्वास्थ्य र सरसफाइ सञ्चालन गर्ने जिम्मेवारी दिएको छ भने सम्पत्ति कर, घरबहाल कर, घरजग्गा शुल्क, सवारीसाधन कर, सेवा शुल्क दस्तुर, पर्यटन, विज्ञापन, व्यवसाय, भूमि, दण्ड जरिवाना, मनोरञ्जन आदि कर तथा मालपोत संकलनको अधिकार दिएको छ। तर कर उठाउने मात्र होइन स्थानीय स्रोतको पहिचान तथा परिचालन, उत्पादन र कर प्रणालीमार्फत स्थानीय तह बलियो के कति मात्रमा हुन सकेको छ भन्ने समालमा केन्द्रित भई विश्लेषण गरिएको छ।

घ) यस अुसन्धानमा निम्न अनुसारको स्थानीय तहको अधिकारलाई परिपालन के कसरी भएको छ भन्ने विषयलाई प्रश्नावली मार्फत अध्ययन गरिएको छ।

क) जनताले स्थानीय तह ( गाउँ तथा नगर सरकार) भएको के अनुभूति गर्न पाएका छन् ?

ख) स्थानीय जनप्रतिनिधि आएर स्थानीय सरकार संचालन गर्ने के कति ऐन कानुनहरु निर्माण गर्न सकेको अवस्था रहेको छ ?

ग) सिंहदरवारको अधिकार गाउँमा कसरी आएको जनताले अनुभूति गरेको अवस्था छ ?

घ) स्थानीय तहमा आवश्यक पर्ने कर्मचारी संघीय सरकारकौ पक्षबाट आवश्यक व्यवस्थापन गरिदिएको छ कि छैन ?

ङ) स्थानीय तहका २२ वटा अधिकार जनप्रतिनिधिले उपयोग गर्न सकेका छ वा छैनन्?

**योजना निर्माण र कार्यान्वयनको अवस्था**

**(क) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन**

१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अबलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको लागत संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने।

२) वडाभित्रका क्रियाशील राजनीतिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्थालगायत सामुदायिक एवं सामाजिक संघ संस्था, निकायहरुसँग परामर्श, छलफल, सहभागितामूलक प्रक्रियाको अवलम्बन गर्ने।

३) वडाभित्रका योजनाहरुको कार्यान्वयन, अनुगमन गर्ने।

४) टोल विकास संस्थाको गठन र परिचालन गर्ने । वडाभित्र संचालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने।

५) वडाभित्रका आयोजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने।

**ख) तथ्यांक अद्यावधिक तथा संरक्षण**

१) निजी घर तथा घर परिवारको लगत राख्ने, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा तथा प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने, खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो संरक्षण गर्ने र खण्डकृत तथ्यांक र सूचनासहतिको वडाको पाश्वचित्र तयार तथा अद्यावधिक गर्ने।

२) पर्याटन क्षेत्रको विकासमा जोड दिने।

**(ग) विकास कार्य**

१) **शिक्षाः** बालउद्यानको व्यवस्था र व्यवस्थापन, अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन तथा व्यवस्थापन गर्ने, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बाल क्लब तथा बाल सञ्जालको संचालन तथा व्यवस्थापन गर्ने।

२) **स्वास्थ्यः** वडा तहको स्वास्थ्य केन्द्र/उपकेन्द्रको व्यवस्थापन गर्ने, बालबालिकाहरुलाई बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था गर्ने, पोषण कार्यक्रम

संचालन गर्ने, वडा तहमा स्वास्थ्य जनचेतना विकास, स्वास्थ्य सूचना कार्यक्रम संचालन गर्ने, शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक संचालन गर्ने गराउने, सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण तथा व्यवस्थापन गर्ने गराउने।

३) **खानेपानी**: सरसफाई तथा फोहोरमैला व्यवस्थापनः वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार, पोखरीको निर्माण, संरक्षण, गुणस्तर नियमन गरी गाउँपालिका वा नगरपालिकालाई जानकारी गराइ सहयोग गर्ने गराउने, घरबाट निकास हुने फोहरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनवार व्यवस्थापन, सतही पानीको निकास गर्ने,

४) **कृषि विकास** : कृषि तथा फलफूल नर्सरीको स्थापना तथा समन्वय र प्रवर्द्धन गर्ने, वडास्तरीय अगुवा कृषक तालिम अभिमुखीकरण गर्ने, कृषि मलको माग संकलन गर्ने, कृषिमा लाग्ने रोगहरुको विवरण तयार गरी गाउँपालिका र नगरपालिकामा प्रस्तुत गर्ने।

५) **पशुपंछी विकास तथा व्यवस्थापन** : पशुपंछी विकास, छाडा चौपायाँ व्यवस्थापन, वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने।

६) **सांस्कृतिक प्रबर्धन** : स्थानीय समुदायक चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्ने गराउने, स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्धन गर्ने।

७) **खेलकुद** : पालिका र वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, अन्तर विद्यालय तथा बाल क्लबहरु मार्फत खेलकुद कार्यक्रम संचालन गर्ने गराउने।

८) **यातायात** : पालिकाको केन्द्र देखि वडा कार्यालयसम्म पुग्ने सडक क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने, वडाभित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने, बसपार्कको सरसफाई गर्ने, बाटोघाटोको बाढी, पहिरो पन्छाउने।

९) **उद्योग** : घरेलु उद्योगको लगत संकलन, सम्भाव्यता पहिचान गर्ने, वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने।

१०) **व्यक्तिगत घटना दर्ता** : प्रचलित कानुन बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने, जनचेतना कार्यक्रम संचालन गर्ने।

११) **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, अभिलेख अद्यावधिक गर्ने, बालपोषण तथा बाल संरक्षण सम्बन्धी काम गर्ने।

१२) **सामाजिक तथा आर्थिक सशक्तीकरणः** वडालाई बालमैत्री बनाउने, वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पखंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक तथा आर्थिक उत्थान सम्बन्धी काम गर्ने, विभिन्न समुदायका बीचमा सामाजिक सदभाव र सौहार्दता कायम गर्ने, बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत तथा दाइजो आदि जस्ता सामाजिक कुरीती र अन्धविश्वासको अन्त्य गर्ने गराउने।

१३) **कर सम्बन्धी कार्यहरु** : गाउँपालिका वा नगरपालिकाका वडाले प्रचलित कानुनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिश दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गर्ने तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने, बुझाउने।

१४) **असहाय, असक्त, वेवारिश व्यक्तिको सहायता र संरक्षणः** वडाभित्रका असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्दमा पुर्याइ औषधोपचार गराउने, वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने, सडक

बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने।

१५) **वन तथा वातावरण:** वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने। वडा, टोल, वस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने गराउने, वडालाई वातावरणमैत्री बनाउने।

१६) **प्रबर्द्धनात्मक कार्यक्रम गर्ने गराउने:** प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुल्ला दिशामुक्त /पूर्ण सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने।

(घ) **नियमन कार्य**

१) वडाभित्र संचालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको नियमन गर्ने।

२) घर निर्माण तथा गुणस्तर कार्य भवन संहिता तथा मापढण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने।

३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने।

४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने।

५) हाट बजारको व्यवस्थापन गर्ने गराउने।

६) विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने।

७) पालिका भित्र संचालनमा रहेका सहकारीहरुको प्रर्बधन र नियमन गर्ने

(ङ) **सिफारिस वा प्रमाणित गर्ने: वडाले देहाय बमोविजमका विषयमा सिफारिश वा प्रमाणित गर्ने**

१) नाता प्रमाणित

२) नागरिकताको सिफारिश र नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने।

३) बहाल करको लेखाजोखा सिफारिस गर्ने।

४) कोठा खोल्न रोहबरमा बस्ने।

५) मोही लगत कट्टा सिफारिस गर्ने।

६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने।

७) जन्म मिति प्रमाणित गर्ने।

८) व्यापार व्यवसाय बन्द भएको वा संचालन नभएको वा ब्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने।

९) मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस गर्ने।

१०) विवाह प्रमाणित, अविवाहित प्रमाणित गर्ने।

११) नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस गर्ने।

१२) आफ्नो अधिकार क्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित गर्ने।

१३) घर पाताल प्रमाणित गर्ने।

१४) व्यक्तिगत विवरण प्रमाणित गर्ने।

१५) पुर्जामा घर नक्सा कायम गर्ने सिफारिस गर्ने।

१६) फरक, फरक नाम, थर, जन्म मिति सिफारिस र प्रमाणित/दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश गर्ने।

१७) नाम, थर, जन्म मिति संसोधनको सिफारिस गर्ने।

१८) जग्गा धनीपुर्जा हराएको सिफारिस गर्ने।

१९) कागज र मन्जुरीनमा प्रमाणित गर्ने।

२०) कित्ताकाट सिफारिस गर्ने।

२१) संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने।

२२) जीवितसँगको नाता प्रमाणित गर्ने।

२३) हकवाला वा हकदार प्रमाणित गर्ने।

२४) नामसारी सिफारिस गर्ने।

२५) जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) गर्ने।

२६) मृतकसँगको नाता प्रमाणित, सर्जमिन, सिफारिस गर्ने।

२७) उद्योग ठाउँसारी सिफारिस गर्ने।

२८) जीवित रहेको सिफारिस गर्ने।

२९) पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस गर्ने।

३०) जग्गा मूल्यांकन सिफारिस प्रमाणित गर्ने।

३१) विद्यालयको कक्षा बृद्धि सिफारिस गर्ने।

३२) पालन पोषण सिफारिस गर्ने।

३३) वैवाहिक अंगिकृत नागरिकता सिफारिश गर्ने ।

३४) आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित–आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने ।

३५) विद्यालय ठाउँसारी सिफारिस गर्ने ।

३६) धारा तथा विद्युत जडान सिफारिस गर्ने ।

३७) प्रचलित कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

( अनलाइन दर्पण २०७४) ।

**तालिक १**

पालिका प्रमुख र उपप्रमुखहरू

| क्र.सं | पालिका | पालिका प्रमुख | प्रतिशत | स्थानीय सेवाग्राही जनता | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | श्री म्याङलुङ नगरपालिका | १ जना | २० प्रतिशत | १० जना | २५ प्रतिशत |
| २ | श्री फेदाप गाउँपालिका | १ जना | २५ प्रतिशत | १० जना | २२ प्रतिशत |
| ३ | श्री छथर गाउँपालिका | १ जना | २८ प्रतिशत | १० जना | ३० प्रतिशत |

**तालिक २**

पालिका वडा अध्यक्ष र सदस्यहरू

| क्र.सं | पालि | वाड अध्यक्ष र सदस्य | प्रतिशत | स्थानीय सेवाग्राही जनता | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | श्रीम्याङलुङ नगरपालिका वडा नं १,२,३,४ | ४ जना | १६ प्रतिशत | १० जना | २०प्रतिशत |
| २ | श्री फेदाप गाउँपालिका १, २ र ३ | ३ जना | १३ प्रतिशत | १० जना | १७ प्रतिशत |
| ३ | श्री छथर गाउँपालिका १, २ र ३ | ३ जना | १५ प्रतिशत | १० जना | २५ प्रतिशत |

**तालिक ३**

पालिकाका कर्मचारीहरू

| क्र.सं | पालिका | स्थानीय तहका कर्मचारी | प्रतिशत | स्थानीय सेवाग्राही जनता | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | श्रीम्याङलुङ नगरपालिका | ३ जना | १८ प्रतिशत | १० जना | २५प्रतिशत |
| २ | श्री फेदाप गाउँपालिका | १ जना | १५ प्रतिशत | १० जना | २० प्रतिशत |
| ३ | श्री छथर गाउँपालिका | १ जना | २१ प्रतिशत | १० जना | २७ प्रतिशत |

माथिको तालिका बाट के कुरामा पुग्न सकिन्छ भने सम्बन्धित स्थानीय तहको कार्यशैली, सुसाशन, जनताले पाएको राहात र सुविधा, स्थानीय तहको ऐन कानून उपभोगको अबस्थालाई विश्लेषण गर्दा तीनवटा पालिकाहरुमा जुन पालिकामा सेवा सुविधा चुस्त दुरुष्त संचालन भएको छ त्यहाँका जनताले बढी मात्रामा सेवा सुविधा पाएका र जुन पालिकाका जनप्रतिनिधीहरुले सेवा सुविधामा लार्पवाही छ । त्यस पालिका भित्रका जनताले सुविधा पनि कम नै पाएको विश्लेषण भएको छ। स्थानीय तहमा पालिका प्रमुख नै मुख्य पालिका संचालनको ड्राईभर भएकोले गर्दा विकासप्रति पालिका प्रमुखहरुको बुझाईमा समेत भर पर्ने भएकोले त्यस ठाउँका जनताले पाएको सुविधामा पनि फरक परेको पाईको छ।

**सैद्धान्तिक पर्याधार**

विकास वास्तवमा स्थानीय सरकारको गठनसँगै सिंहदरबारका अधिकार गाउँमा पुऱ्याउने अठोट राजनीतिक

दलका नेताले गरेका थिए। हुन पनि यो सात वर्षमा इतिहासकै सबैभन्दा बढी अधिकार सम्पन्न सरकारहरु स्थानीय तहमा अभ्यास भए । संघ र प्रदेशमा भएको राजनीतिक अस्थिरताले स्थानीय तहमा कुनै असर गरेन। यसबाटै प्रष्ट हुन्छ राजनीतिक रूपमा स्थानीय सरकार कति बलिया छन् भनेर। तर राजनीतिक रूपमा मात्र होइन वित्तीय रूपमा पनि स्थानीय सरकार दाम, काम र स्रोत–साधनयुक्त छन्। यति हुँदाहुँदै पनि अधिकांश स्थानीय सरकार आलोचनाको केन्द्र मात्र बन्न पुगे । कति भ्यूटावरे विकासका पर्याय बन्न पुगे भने कति डोजरे विकासका। जनअपेक्षा पूरा गर्न नसकेको भनेर उनीहरू आलोचित बने। अब प्रश्न उठ्छ– जनतालाई गाउँमै सिंहदरबार आएको अनुभूति दिलाउन, गाउँ तथा नगरमा दिगो विकासको जग बसाल्न तथा स्थानीय तहलाई युवा रोजगारीको केन्द्र बनाउन स्थानीय तहले के गर्न सक्थे ? यस आलेखमा स्थानीय तहको विकासका लागि तय गरिएको योजना निर्माण प्रक्रिया, स्थानीय नेतृत्वले विगत सात वर्षमा गरेका मूलभूत कामको अनुभवबारे चर्चा गरिएको छ। साथै, संविधानले दिएको अधिकारको उच्चतम प्रयोग गरी स्थानीय तहलाई समग्रमा आर्थिक तथा सामाजिक विकासको केन्द्रको रूपमा विकास गर्न स्थानीय तहले गर्न सक्ने कामका बारेमा केही प्रतिनिधिमुलक विकास निर्माणका कही उदाहरणहरु लाई लिन सकिन्छ। तेह्रथुम जिल्लाका तीन स्थानीय तहले बनाएको यो संयन्त्रले समग्र पालिकाको विकासका लागि सात वर्षमा के गर्‍यो र के के गर्न सक्थ्यो ? भन्ने कुराको लेखाजोखा गर्नु यो लेखको मुख्य उद्देश्य हो।

**आर्थिक विकास**

आर्थिक विकास अन्तर्गत कृषि, पशुपन्छी पालन, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन, बैंक वित्तीय संस्था तथा सहकारी र वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासनलगायतका मूलभूत उपक्षेत्रहरूमा स्थानीय सरकारहरूले योजनाबद्ध रूपमा काम गर्ने गरेका छन् । आर्थिक विकासको मूलभूत उद्देश्य पालिकालाई रोजगार केन्द्रको रूपमा विकास गर्नु, कृषि तथा पशुपालनमा आत्मनिर्भर बनाउनु तथा आन्तरिक स्रोतको अभिवृद्धि गर्नु हो।

स्थानीय तहमा आय तथा रोजगारी सिर्जनाको मेरुदण्ड नै आर्थिक विकास भए तापनि यो क्षेत्रलाई अधिकांश पालिकाले आर्थिक विकासका नाममा गरेका कामहरूले पूँजी निर्माण तथा रोजगारीमा योगदान पुर्‍याएको देखिँदैन । खासगरी कृषि तथा पशुपालन अन्तर्गत पालिकाहरूको मुख्य ध्यान पकेट क्षेत्र घोषणा, कृषिको यान्त्रीकरण तथा आधुनिकीकरणका लागि ट्रेलर वितरण, बीउमा अनुदान, पशुपालनमा अनुदान लगायत कार्यक्रम सञ्चालन भएको देखिन्छ भने पर्यटन विकासका लागि अधिकांश पालिकाले भ्यूटावर, मन्दिर संरक्षण, खेलमैदान तथा निर्माणलाई प्राथमिकता दिएको देखिन्छ।

कृषि, पशुपालन तथा पर्यटनलाई प्राथमिकतामा राखेको भए पनि त्यसले समग्र पालिकाहरुको आर्थिक विकासमा कस्तो प्रभाव पार्‍यो भन्ने कुराको उत्तर कसैसँग पनि छैन। कुनै सोचविना निर्माण गरिएका भ्यूटावर, मन्दिर लाखौ खर्च भएको अवस्था छ भने कृषि तथा पशुपालनले पनि रोजगारी सिर्जना गर्ने, कृषक तथा स्थानीय जनताको आर्थिक अवस्था वृद्धि गर्ने कुरामा उल्लेखनीय योगदान गरेको देखिँदैन । आम रूपमा लाग्ने आरोप के छ भने अनुदानका नाममा स्थानीय तहमा व्यापक अनियमितता भएको देखिएको छ। अर्कोतर्फ स्थानीय तहकै अधिकार क्षेत्रभित्र पर्ने सहकारी क्षेत्रलाई अधिकांश पालिकाले पूँजी निर्माणको सहयात्रीका रूपमा प्रयोग गरेको देखिँदैन । गाउँगाउँमा भएका सहकारी संस्थाहरुलाई स्थानीय तहले व्यवास्था गरेको अवस्था देखियो।

**सामाजिक विकास**

सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, साहित्य तथा संस्कृति जस्ता उपक्षेत्रमा स्थानीय तहहरूले योजनाबद्ध रूपमा काम गर्ने गरेको देखिन्छ । सामाजिक विकास मूलभूत रूपमा मानव विकाससँग सम्बन्धित हुने गर्दछ । स्थानीय तहहरूले सामाजिक विकास अन्तर्गत गरेको लगानीले सम्बन्धित नगर तथा गाउँपालिकाको मानव संसाधनको क्षमता, स्वच्छता, बौद्धिकता तथा समावेशी सहभागिता अभिवृद्धि होस् भन्ने अपेक्षा गरिएको हुन्छ। त्यसका आधारमा विगत सात वर्षमा स्थानीय तहले के काम गरे ?

**कस्ता काम कसरी गरेको देखियो ?**

सामाजिक विकासअन्तर्गत शिक्षा क्षेत्रमा अधिकांश स्थानीय तहले विद्यालय भवन निर्माण, छात्रवृत्ति, अनुदान शिक्षक नियुक्ति, विद्यालय खाजा कार्यक्रम, विद्यालयमा

सूचनाप्रविधिको विस्तार जस्ता कार्यक्रम सञ्चालन गरे भने कतिपय पालिकाले प्राविधिक शिक्षालाई पनि जोड दिएको देखिन्छ।

स्वास्थ्य तर्फ १५ शैयाको अस्पताल निर्माण, आधार भूत स्वास्थ्य इकाइको निर्माण, औषधि वितरण, वर्थिङ सेन्टर निर्माण, स्वास्थ्य कर्मचारीको व्यवस्था, स्वास्थ्य शिविर सञ्चालन तथा स्वास्थ्य उपकरणको व्यवस्था जस्ता कार्यक्रमलाई मुख्य प्राथमिकता दिएको देखिन्छ। त्यसैगरी खानेपानी सरसफाइ अन्तर्गत खानेपानी आयोजनाको निर्माण, एक घर एक धारा कार्यक्रम तथा सरसफाइमा ल्याण्डफिल्ड साइटको निर्माण मुख्य रूपमा भएको देखिन्छ भने युवा तथा खेलकुद अन्तर्गत खेल मैदान निर्माण तथा पालिकास्तरीय खेलमैदान निर्माणलाई अधिकांश पालिकाले प्राथमिकतामा राखेका छन्।

अर्कोतर्फ सामाजिक समावेशीकरण अन्तर्गत विपन्न समुदाय तथा महिलालाई सीप विकास तालिम लगायत विभिन्न तालिम कार्यक्रम, अपाङ्गता परिचय पत्र वितरण, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, बाल क्लब गठन, बालमैत्री पालिका घोषणा तथा सामाजिक सुरक्षा कार्यक्रम आदि सञ्चालन भएको देखिन्छ भने भाषा, साहित्य, कलाको संरक्षणका लागि साहित्यिक कार्यक्रम तथा संग्रहालय निर्माणमा पालिकाको चासो गएको देखिन्छ।

वास्तवमा परम्परागत शैलीको सामुदायिक शिक्षा पद्धतिमा आमूल परिवर्तन ल्याउने मुख्य भूमिका स्थानीय तहको थियो जसमा ज्यादै कम पालिकाले मात्र काम गर्न सकेको देखिन्छ। उच्च क्षमतायुक्त मानव संसाधन तयार पार्न सामुदायिक विद्यालयलाई व्यावसायिक तथा प्राविधिक विद्यालयमा रूपान्तरण गर्न आवश्यक थियो जसको नेतृत्व स्थानीय तहले गर्न सक्थे। विद्यार्थीको क्षमता अभिवृद्धिका लागि गुणस्तरीय शिक्षाको आवश्यकता परिपूर्ति गर्नु स्थानीय तहको मुख्य प्राथमिकतामा पर्नु पर्दथ्यो।

**पूर्वाधार विकास**

पूर्वाधार विकास अन्तर्गत सडक, पुल, आवास तथा बस्ती विकास, विद्युत् तथा वैकल्पिक ऊर्जा, सिंचाइ र सूचना तथा सञ्चारप्रविधि लगायतका उप क्षेत्रमा स्थानीय तहहरूले बजेट विनियोजन गरेका हुन्छन्। पूर्वाधार विकासको मुख्य उद्देश्य जनजीवनलाई सहज बनाउनु भन्ने हुन्छ। अब पूर्वाधार विकासमा स्थानीय तहले गरेको लगानीको अवस्थालाई हेरौं। पूर्वाधार विकास अन्तर्गत अधिकांश नगर तथा गाउँपालिकाको ध्यान सडक पूर्वाधारतर्फ नै गएको देखिन्छ जसका कारण स्थानीय तहले डोजरे विकासको आरोप खेप्नु परेको छ। स्थानीय तहहरू सडक पूर्वाधारको विकासमा चुक्दा त्यसबाट उत्पन्न प्राकृतिक प्रकोप उत्तिकै बढेको छ।

त्यसैगरी आवास तथा बस्ती विकासमा स्थानीय तहहरूले राम्रो काम गर्न सकेको देखिँदैन बरु जग्गा खण्डीकरण, अव्यवस्थित शहरीकरण तथा अस्तव्यस्त आवासलाई सघाउ पुऱ्याएको आरोपचाहीँ स्थानीय तहले खेपेका छन्। सिंचाइका लागि पूर्वाधार विकासमा स्थानीय तहहरूले चासो दिएको देखिन्छ भने विद्युत् तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा सौर्य बत्ती जडान, ग्रामीण विद्युतीकरण, सुधारिएको चुलो वितरण जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिएका छैनन्। त्यसै गरी सूचना तथा सञ्चारप्रविधि अन्तर्गत प्रविधि मैत्री प्रशासन निर्माण, विद्यालयहरूलाई प्रविधि मैत्री बनाउने, निःशुल्क इन्टरनेटको व्यवस्था लगायत कार्यक्रमलाई पालिकाहरूले प्राथमिकता दिएको देखिँदैन।

वास्तवमा स्थानीय तहमा प्राप्त बजेटको ठुलो हिस्सा पूर्वाधार विकासमा खर्च हुने गरेको छ। तर यसबाट प्राप्त हुने प्रतिफल चाहीँ ज्यादै न्यून हुने गरेको छ। त्यसैले स्थानीय तहहरूले दिगो पूर्वाधार विकासमा ध्यान दिनुपर्ने देखिन्छ। सडक निर्माणमा ठुला उपकरणको प्रयोग गर्नुको साटो स्थानीय स्रोत तथा उपकरणको प्रयोगमा जोड दिनु अपरिहार्य देखिन्छ जसले पालिकाहरूलाई हुने वित्तीय भार न्यूनीकरणमा सहयोग पुग्न सक्छ। स्थानीय नेतृत्वले संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानहरूको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने कुरालाई खासै चासो दिएनन्। त्यसैलाई बहाना बनाई संघीय सरकारले समानीकरण अनुदानमा कटौती गर्दै सशर्त अनुदानको हिस्सा बढाउन थालेको देखिन्छ। यसले स्थानीय तहको विकास प्रक्रिया तथा स्वविवेकीय अधिकारको हरण हुन थालेको छ।

सडक निर्माणको परम्परागत शैलीलाई हटाई 'हरित सडक' वा 'बगैंचा सडक' को अवधारणालाई अभ्यासमा ल्याउन सके एकातर्फ यसले ग्रामीण रोजगारी अभिवृद्धिमा सहयोग पुग्न सक्छ भने अर्कोतर्फ सडकका साथसाथै गाउँ

तथा नगर क्षेत्रको सुन्दरता पनि बढ्छ। यी तिनैवटा नगर र गाउँ पालिकामा स्थानीय तह को गठन भएपछि कालोपत्रे बनेको सडकको दाँया बाँया लालीगुराँस र फुलजन्य फलफुलका विरुवा रोपेर पनि सडकको सुन्दरतालाई कायम गर्न सकिने देखिएको छ।

म्याङलुङ नगरपालिका तथा फेदाप गाउँपालिकाले एकदमै कम चासो दिएको क्षेत्र हो आवास तथा बस्ती विकास । यद्यपी छथर गाउँपालिकाले अर्को पालिका बाट बसाँईसराई आउँनेलाई पाँचलाख राहात र अनुदानको प्याकेज नै ल्याएर पालिको बसाईसराइलाई रोक्ने योजना समेत ल्याएको छ । तर अन्य दुई वटा पालिकाको भने यस्तो किसिमको योजना देखिएन । अर्कोतर्फ नगर तथा गाउँपालिकाले आफू मातहत रहेको सार्वजनिक जग्गालाई अन्तरपालिका, निजी क्षेत्र वा सहकारीहरूसँगको सहकार्यमा उच्च पूँजी निर्माणयुक्त आयोजना सञ्चालन गरी पालिकाको आय आर्जन तथा रोजगारी बढाउन सक्छन् यो सम्भावना रहेको देखिएको छ ।

### वन, वातावरण तथा विपद् व्यवस्थापन

वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत वन तथा जैविक विविधता, जलाधार तथा भू–संरक्षण, वातावरणीय स्वच्छता तथा विपद् व्यवस्थापन जस्ता उपक्षेत्रमा स्थानीय तहहरूले मुख्यतया काम गर्ने गरेका छन् । वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गतका उपक्षेत्रहरूबाट स्थानीय तहहरूले वातावरणको दिगो व्यवस्थापन, जलवायु अनुकूलन कार्यक्रम, वनजन्य उद्यमशीलता विकास लगायत क्षेत्रमा काम गर्ने अपेक्षा राखिएको हुन्छ।

### के गर्न सक्थ्यो ?

वन क्षेत्र साझा अधिकारभित्र पर्ने भएकाले स्थानीय सरकारले आफ्नो तजबिजमा काम गर्न नसक्ने भए पनि स्थानीय सामुदायिक वनसँगको सहकार्यमा पर्या–पर्यटन तथा वनजन्य उद्यमशीलताको विकास गर्न सक्ने प्रशस्त आधार छन् । सामुदायिक वनमा रहेका अनुत्पादनशील वन (कु–काठ) लाई विस्थापन गरी रक्तचन्दन, अगरहुड, बोधिचित्त, रुद्राक्ष लगायत उच्च आर्थिक लाभ दिने वनस्पतिको विकास गरी आय आर्जनको क्षेत्र विस्तार गर्न सक्छ।

### सुशासन तथा संस्थागत विकास

सुशासन तथा संस्थागत विकास अन्तर्गत स्थानीय तहले ऐन, नियम, कानुन निर्माण, जवाफदेहिताको प्रवर्द्धन, संगठनात्मक विकास, वित्तीय स्रोत परिचालन तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रमा स्थानीय तहले काम गरेका हुन्छन् । यस क्षेत्रमा स्थानीय तहले गरेका मूलभूत कार्यहरूलाई तल प्रस्तुत गरिएको छ।

### के हुनु पर्दथ्यो ?

संघीय संविधानले सरकारको दर्जा दिएको सन्दर्भमा स्थानीय तहले एकल अधिकार क्षेत्रभित्रका सम्पूर्ण क्षेत्र तथा त्यस अन्तर्गतका उपक्षेत्रमा स्थानीय आवश्यकता सुहाउँदो कानुन निर्माण गरी स्थानीय विकासका अभ्यासहरूलाई अगाडि बढाउन पर्दथ्यो । तर अधिकांश पालिका यो प्रक्रियामा चुके । आफ्नो आवश्यकताका आधारमा कानुन निर्माण गर्ने, त्यसै अनुरूप नीति, योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन तहमा पुग्नु स्थानीय तहका लागि संवैधानिक म्यान्डेट थियो। तर स्थानीय तहहरूले आफूलाई सरकार नै ठानेन । जसको परिणामस्वरूप संस्थागत विकासका सम्पूर्ण प्रक्रियामा संघ तथा प्रदेश सरकारसँग आश्रित बन्न पुगे। आफ्नो अधिकार क्षेत्रभित्र रही आन्तरिक राजस्वको दायरा बढाई आन्तरिक आय बढाउन सक्ने सम्भावना स्थानीय तहहरूसँग प्रशस्त थियो । निजी क्षेत्र, सहकारी तथा जनतासँग सहकार्य गरी उच्चतम पुँजी निर्माण हुने क्षेत्रमा लगानी गरी आन्तरिक आय वृद्धि गर्ने अवसर स्थानीय तहलाई थियो

## निष्कर्ष

समग्रमा भन्नु पर्दा अधिकांश स्थानीय तहले आर्थिक चलखेल गर्न सहज हुने प्रकृतिका आयोजना तथा कार्यक्रमलाई मात्र प्राथमिकता दिएको देखिन्छ। स्थानीय नेतृत्वले संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानहरूको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने कुरालाई खासै चासो दिएनन् । त्यसैलाई बहाना बनाई संघीय सरकारले समानीकरण अनुदानमा कटौती गर्दै सशर्त अनुदानको हिस्सा बढाउन थालेको देखिन्छ। यसले स्थानीय तहको विकास प्रक्रिया तथा स्वविवेकीय अधिकारको हरण हुन थालेको छ । यति हुँदाहुँदै पनि नेपालको संघीयताका सुन्दर पक्ष भनेकै अधिकार सम्पन्न स्थानीय सरकार हुन् । तसर्थ,

स्थानीय सरकारलाई समग्र देशको इन्जिनका रूपमा विकास गर्न सकिने प्रशस्त आधार छन् । भूगोल, आवश्यकता तथा परिवेश अनुसार कतिपय स्थानीय तहलाई पर्यटकीय हवका रूपमा, कतिपय तहलाई आर्थिक करिडोरका रूपमा तथा कतिपय तहलाई कृषि तथा पशुपालनको हवका रूपमा विकास गर्न सकिन्छ भने कतिपयलाई शैक्षिक हवका रूपमा विकास गर्न सकिन्छ । यी आधारहरू निर्माणका लागि हाल विद्यमान कानुनी उल्झनहरू हट्नु आवश्यक छ । स्थानीय तहको संस्थागत विकासका लागि उच्च दक्षता युक्त मानव संसाधनको व्यवस्थापन पनि अर्को आवश्यक पक्ष हो । त्यसका लागि परम्परागत कर्मचारी व्यवस्थापन प्रणालीलाई रूपान्तरण गरी पाँच वर्षका लागि करारमा आधारित कर्मचारी व्यवस्थापन प्रणालीको व्यवस्थापन गर्न सकिन्छ । साथै, उच्च दक्षतायुक्त मानव संसाधनलाई पाँच वर्षका लागि स्थानीय तहमा खुल्ला प्रतिस्पर्धाका माध्यमबाट व्यवस्थापन गर्ने प्रणाली बनाउनुपर्ने हुन्छ ।

स्थानीय तहका निर्वाचित पदाधिकारीको दक्षता अभिवृद्धि पनि सबल र सक्षम स्थानीय तहको अपरिहार्य पक्ष हो । त्यसका लागि निर्वाचित पदाधिकारीलाई प्रशासनिक दक्षता अभिवृद्धिका लागि तालिम र ज्ञान हस्तान्तरण आवश्यक छ । विगत पाँच वर्षको अनुभवले के देखायो भने स्थानीय राजनीतिक प्रतिनिधिहरूमा वर्तमान संघीय प्रणालीप्रतिको बुझाइमै कमी देखियो । यसको फाइदा केन्द्रीय शासन पद्धतिका पक्षधर तथा कर्मचारीले लिए । तसर्थ, राजनीतिक प्रणालीमा संघीयताको सुदृढीकरणका लागि बहस हुन आवश्यक छ ।

## सन्दर्भ सामाग्री


अन्नपुर्ण पोष्ट विचार स्तम्भ (२०८० फागुन २४)

अनलाइन दर्पण, २०७४

अधिकारी रविन्द्र २०७४ आषाढ १५ कान्तिपुर विचार स्तम्भ

देवकोटा डा. खिमलाल ओके अनलाईन २०७४ जेठ ३० गते प्रकाशित प्रतिक्रिया

नेपालको नयाँ संविधान (२०७२) (भाग १६–१८) , धारा २१२–२२९ बाट

पालिका खबदाता अनलाई न्युज (२०८७ असोज ०४

भट्टराई , केशवप्रसाद स्थानीय तहको योजना निर्माण तथा अर्थविद्ध २०७९ बैशाख ५

स्थानीय सरकारद्धारा पारित गरिएका ऐन (म्याङलुङ, फेदाप र छथर पालिका